Website:besishaharmun.gov.np
Email: besishaharmunicipility.gov.np

बेसीशहर नगरपालीका

# नगर कार्यपालिकाको कार्यालय

बेसिशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स नं ०६६-५२०२०४
फो नं ०६६५०२०४

पत्र संख्याः २०७९/०८०
चलानी नः

मितिः २०८०/०१/२४

विषयः लम्पि स्किन रोग सम्बन्धमा ।

हाल वेसीशहर नगरपालिकाका केहि स्थानका गाईभैसीहरुमा लम्पि स्किन रोग (Lumpy Skin Disease) सँग मिल्दोजुल्दो लक्षण सहितको रोग देखिएको हुँदा पशुपालक कृषकहरुलाई आवश्यक सहजकताका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रोगको लक्षणहरुः**

गाई भैसीमा ज्वरो सहित शरीरको विभिन्न बाह्य तथा भित्रि भागमा डाबर, गिर्खा, गाँठगुँठी देखिने, गाँठगुँठीबाट पानी बग्ने र पाक्ने, पशु छटपटाउने, दुव्लाउदै जाने खुट्टा खोच्याउने, दूध उत्पादन घट्ने र मृत्यु समेत हुन सक्ने ।

**सर्ने माध्यमः**

- लामखुट्टे, झिङ्गा, भुसुना आदिको टोकाइबाट ।
- संक्रमित गाई भैसीको ढुवानी आवतजावत र लसपसबाट ।

उपचारः ठोस उपचार नभएको हुदाँ लक्षण अनुसार उपचार गर्ने ।

सावधानीका उपायहरुः

१. गोठ र मलखादको दुरी १० मिटर कायम गर्न।
२. गोठ नियमित रुपमा फिनेल पानी वा साइट्रिक एसिडले सफा गर्ने।
३. पशु बाँध्ने गोठमा दिशा, पिसाव तथा पानी जम्न नदिने।
४. गोठ वरपरका खाल्टा खुल्टी पुर्ने।
५. भुसुना तथा लाखुट्टेवाट जोगाउने साँझमा गोठ धुवाउने।
६. गोठको जैविक सुरक्षाका लागि अनाधिकृत रुपमा मानिसको आवात जावत नगर्ने गोठको प्रवेशद्धारमा चुना/चुनापानीको व्यवस्था गरी अनिर्वाय रुपमा चुना मात्र टेकेर प्रवेश गराउने।
७. संक्रमित स्थान तथा संक्रमक उच्च जोखिमका स्थानवाट पशु खरिद नगर्ने ।
८. रोगी पशुलाई अलग्गै राखी दानापानी व्यवस्था गर्ने ।
९. निरोगी पशुको स्याहार सुसारपछि मात्र रोगी पशुको स्याहार गर्ने ।
१०.पशुलाई रोग लागेको शंका भएमा नजिकको पशु सेवा शाखा/ पशु सेवा केन्द्रमा खबर गर्ने ।

"पर्यटकीय, ऐतिहासिक, व्यवसायिक कृषि नगर, स्वच्छ, समृद्ध, हराभरा हाम्रो बेसीशहर"

Scanned with CamScanner